

# तपाईंको निर्णय

CROSSCHECK - NEPALI

CrossCheck by Paul Adams
www.crosscheck.org.uk

Copyright © 1992, 1997, 2000, 2007, 2010, 2015, 2016, 2019, 2021, 2023 Paul Adams

Design and typesetting by Ben Desmond
www.bendesmond.com

First Published in 2008 by **BeaconLight**
books@beaconlight.info
www.beaconlight.info

ISBN 978-1-90652-624-5

BeaconLight
biblical truth to share

nep-23v1

# यस पुस्तिकामा यहाँलाई हार्दिक स्वागत छ

संसारका विभिन्न जातिका मानिसहरूले परमेश्वरलाई भेट्टाउन चाहन्छन् ।

सबै प्रकारको मोजमज्जा, क्रियाकलाप र सफलता (र केही असफलता ) हुँदाहुँदै पनि प्राय जसो मानिसहरूले जीवनमा "अझ अरू केही कुराहरू" छन् भन्ने ठान्छन् र परमेश्वरलाई साथीको रूपमा चिन्न पाए अति नै अद्भूत हुनेथियो भनी सोच्दछन्।

खुशिको खबर यो छ कि तपाईंले परमेश्वरलाई चिन्न सक्नुहुन्छ। उहाँको प्रेम, क्षमा र शान्तिलाई अनुभव गर्न सक्नुहुन्छ। यो सम्भव मात्र नभएर, तपाईंले परमेश्वरसँग आफ्नो सम्बन्ध ठीक गरेको उहाँले चाहना पनि गर्नुहुन्छ र कसरी गर्ने भनेर उहाँले देखाउनु पनि हुन्छ।

प्रभु येशू ख्रीष्टद्धारा परमेश्वरसँग कसरी र किन सम्बन्ध जोड्न सकिन्छ भनेर सिकाउने सरल माध्यम यो पुस्तिका हो।

धेरैको निम्ति यो पुस्तिका लाभदायक भएको छ र कतिले येशू ख्रीष्टमा विश्वास गरेका छन्।

जीवनमा अझ धेरै अनमोल कुराहरू छन् भनेर परमेश्वर भन्नुहुन्छ र ती कुराहरू तपाईंले हासिल गरेको पनि उहाँले चाहनुहुन्छ।

यस पुस्तिकाको पहिलो खण्डमा कथा पढ्नुहुनेछ, भने दोस्रो खण्डले तपाईं परमेश्वरको सम्बन्धमा कुन स्थानमा हुनुहुन्छ भनेर जाँच्न सहायता गर्नेछ।

त्यसैकारण यस पुस्तिकालाई खुला मनले किन नपढ्ने?

# एक

परमेश्वर असल शासक हुनुहुन्छ — उहाँले नै मुकुट पहिरिनुभएको छ। उहाँमाने सबै शक्ति र अधिकार रहेको छ जसको कारण उहाँले आफ्नो मुखको वचनद्वारा मात्र पनि सबै काम गर्न सक्नुहुन्छ।

उहाँले वचनद्वारा शून्यतामा बोल्नुभएर सूर्य, चन्द्रमा, ताराहरू र यस पृथ्वीलाई सृष्टि गर्नुभयो । यस पृथ्वीको उहाँको लागि हेरचाह गर्न उहाँले मानिस जातिलाई नर र नारी गरेर सृष्टि गर्नुभयो।

जब परमेश्वरले मानिस जातिको सृष्टि गर्नुभयो त्यस बेला परमेश्वर र मानिस जाती वीच खुला रूपमा कुराकानी हुने गर्थ्यो। मानिस जातिले परमेश्वरलाई चिनेको उहाँले चाहनुहुन्थ्यो।


पृथ्वीको रेखदेख कसरी गर्ने तथा आपसी सम्बन्ध कसरी कायम राखिराख्ने भन्ने विषयमा उहाँले बताउन सक्नुहुन्थ्यो। तर सबै भन्दा मुख्य कुरा चाहिँ परमेश्वरले मानिस जातिलाई उहाँको नोकर हुनलाई होइन तर सच्चा मित्रहरू हुनको लागि बनाउनुभएको हो।

जब परमेश्वरले नर र नारी लगायत आफूले सृष्टि गर्नु भएका सबै थोकहरू हेर्नुभयो तब ती सबै कुराहरू “असल छन्” भनेर भन्नुभयो।

त्यसैकारण उत्पत्ति १:२६—२७ अनुसार परमेश्वरले सृष्टि गर्नुभएको विश्वमा हाम्रो एक विशेष भूमिका रहेको छ।

**उत्पत्ति १:२६-२७**

तब परमेश्वरले भन्नुभयो, “मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।” त्यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।



# दुई

परमेश्वर असल शासक हुनुभएको कारण उहाँलेनै नियमहरू बनाउनुहुन्छ — तर धेरै चाँडै मानिस जातिले असहमति जनाए र, “होइन, मैले चाहे अनुसारनै म यस संसारलाई चलाउनेछु। म नै अधिकारी भएर मेरै तरिकामा काम गर्न चाहन्छु” भनेर भन्न थाल्यो।

त्यसैकारण संसारमा अझै पनि सबैभन्दा ठूलो समस्या भनेकै यहि “म” भन्ने शब्द हो। अहंकारको केन्द्रमा “म” रहेको हुन्छ जो सबै पापको केन्द्रविन्दु हो।

पापले परमेश्वर र मानिस जातिको बीचको संचार अवरोध खडा गर्दछ। यशैया ५९:१-२ अनुसार हाम्रो पाप र अधर्मले हामीलाई परमेश्वरको प्रेमबाट अलग गराउँदछ।

भन्ने नै हो भने, हामी प्रत्येकले परमेश्वरलाई हटाएर आफै शासक बन्ने निर्णय गर्यौं। हामी आफ्नै भाग्यका मालिकहरू हौं भनेर घोषणा गर्न लाग्यौं।

परमेश्वरसँगको यो सम्बन्ध विच्छेदको कारण अब हामीले सम्पूर्ण रूपमा परमेश्वरको सन्देश बुझ्न नसक्ने भएका छौं। संसारको लागि परमेश्वरले बनाउनुभएको योजना कस्तो छ र कसरी व्यवस्थित् गर्ने भन्ने कुरा हामीले देख्न सक्दैनौं।

हामीले सकभर असल गर्ने प्रयत्न गरिरहन्छौं तर परमेश्वरको योजना बुझ्न नसक्ने भएको कारण हामीले पनि संसारलाई थप अव्यवस्थित् बनाउने क्रममा टेवा पु-याई रहेका हुन्छौं।

हामी कसैले पनि पूर्ण धार्मिक जीवन जीउन सक्दैनौं। हाम्रो शरीर नमरुञ्जेल हामी परमेश्वरको मित्रताबाट अलग रहन्छौं। त्यसपछि परमेश्वर प्रति विरोधी भै गरेका सबै क्रियाकलापको हामीले लेखा दिनुपर्छ।

यो बाइबल धर्मशास्त्रको हिब्रूः ९:२७ मा पढ्न सक्नुहुन्छ।


**यशैया ५९:१-२**

निश्चय नै परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, न त उहाँको कान सुन्न नसक्ने गरी बाक्लो भएको छ। तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरवाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूवाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन।

**हिब्रू ९:२७**

सबैले एक पल्ट मर्नैपर्छ। मरेपछि उसको न्याय हुन्छ।



# तीन

परमेश्वरले सृष्टि गर्नुभएका सबै कुराहरूलाई उहाँले प्रेम गर्नुहुन्छ।

अचम्भको कुरा के छ भने, उहाँले मानिस जातिलाई पनि प्रेम गर्नुहुन्छ। मानिस जातिको व्यक्तिगत विद्रोह, स्वार्थी स्वभाव साथै सम्पूर्ण रूपमा धर्मी जीवन जीउन नसक्ने स्वभाव हुँदाहुँदै पनि परमेश्वरले मानिस जातिलाई प्रेम गर्नुहुन्छ।

उहाँले हामीलाई यत्ति प्रेम गर्नुभयो कि त्यो अन्तिम न्यायमा हामीले दुःख पाएका उहाँले चाहनुभएन। हाम्रो पापको कारणले उहाँसँगको सम्बन्धमा फाटो आउँदा उहाँ चिन्तित हुनुहुन्छ। उहाँको सहायता बिना हामी अनन्तको मृत्युमा जानेछौं भन्ने कुरा उहाँलाई थाहा छ।

त्यसैकारण परमेश्वरले एउटा योजना तयार गर्नुभयो जुन योजना संसारको उत्पत्तिभन्दा पहिलेनै बनाउनुभएको थियो।

उहाँको योजनामा येशूलाई (जो परमेश्वर मानव अवतारमा हुनुहुन्थ्यो) मानव रुप धारण गरी मानिस जातिलाई परमेश्वरकहाँ फर्काएर ल्याउन पठाउनु थियो । यो यूहन्ना ३:१६ मा पढ्नुहोस।

यो कार्य येशूले कसरी गर्नुभयो भन्ने कुरा उल्लेखनिय छ र यसको विवरण १ पत्रुस २:२४ मा पढ्न सक्छौं।

जब येशू मर्नुभयो उहाँले हामी सबैको पाप र अधर्मलाई स्वीकार गरी त्यसको जिम्मेवारी लिनुभयो र उहाँले आफैमा अथवा आफ्नै शरीरमा ती सबै बोक्नुभयो । उहाँले संसारमा भएका सबै व्यक्ति तथा विगत, वर्तमान र भविष्यमा हुने सबै मानिस जातिको पाप उठाई लानुभयो। हामीले हाम्रो पाप र अधर्मको सजाय भोग्नु पर्नेमा येशूले हाम्रो साटोमा सजाय भोगिदिनुभयो।

उहाँ स्वयं परमेश्वर हुनुभएको कारण उहाँमा कुनै पाप थिएन। त्यसैकारण उहाँको मृत्युद्वारा उहाँले हाम्रो पापको मोल चुकाउनुभएको छ।

हामीलाई प्रेम गर्नुभएको कारणलेनै येशूले यो कार्य गर्न राजि हुनुभयो।

**यूहन्ना ३:१६**

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि बिश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।

**१ पत्रुस २:२४**

हामी पापका लेखि मरेर धार्मिताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै सरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा  तिमीहरू निको भयौ।



# चार

तपाईंलाई थाहै होला येशू मरेको मरै हुनुभएन तर उहाँ विद्रोहको मूल्य चुकाउनुपर्ने परमेश्वरको व्यवस्थालाई पूरा गरी मृत्युबाट बिउँतनुभयो।

जब येशू बौरी उठ्नुभयो उहाँले चिहानलाई रित्तै छोड्नुभयो। अब संसारको सृष्टिदेखि पहिलो पल्ट परमेश्वर र मानिस जातिको वीच एक नयाँ, स्पष्ट कुराकानी गर्ने बाटो खोलियो जुन कुरा परमेश्वरले शुरुदेखिनै चाहनुहुन्थ्यो।

मानिस जाति परमेश्वरसँग मेलमिलापमा रहोस र उहाँले चाहे अनुसार जीवन जिओस भन्ने उद्देश्य परमेश्वरले शुरुदेखिनै लिनुभएको थियो तर अब येशूले आफ्नो प्राण हाम्रो निम्ति दिनु भएकोकारण हाम्रो विशेष कर्तव्य रहेको छ जुन कुरा हामीले २ कोरिन्थी ५:१५ मा पढ्न सक्छौं।

येशू प्रभु हाम्रो निम्ति मर्नुभए तापनि आज अझै पनि कतिपय मानिसहरूले आफ्नै मुकुट लगाउन चाहन्छन् । प्रभु येशू मानव जातिको निम्ति कहिले पनि मर्नु नभएको जस्तो गरी उनीहरू जीवन जीउने गर्छन्।

जुन मानिसहरू परमेश्वरसँग विद्रोहमा रहन्छन् उनीहरू परमेश्वरसँगको मित्रताको आनन्द लिनबाट बन्चित् हुन्छन्। जे ठीक छ त्यो कसरी गर्ने भनेर उनीहरूले जान्दैनन्। त्यसैकारण उनीहरू परमेश्वरको न्यायप्रति उत्तरदायी हुन्छन्।

तर सबै जनाले आफ्नो क्रियाकलापको लेखा दिनु पर्छ। पापको क्षमा पाउने प्रावधान हुँदाहुँदै पनि परमेश्वर प्रति विरोधी भई पापमय जीवन जीइनै रहनेहरूले विशेष लेखा दिनुपर्छ जुन कुरा प्रेरित १७:३०—३१ मा हामी पढ्न सक्दछौं।

### २ कोरिन्थी ५:१५

उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाच्नेहरू अब उसो आफ्नै निम्ति बाच्ने होइन, तर उहाँको निम्ति बाचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो।

### प्रेरित १७:३०-३१

यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रतेक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकवाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।



# पाँच

परमेश्वरले उहाँमा भएको नयाँ जीवन सबैले पाऊन् भन्ने इच्छा राख्नुहुन्छ। उहाँसँग कुराकानी गर्न उहाँले प्रभु येशूको क्रूसको मृत्युद्वारा एक नयाँ मार्ग बनाउनुभएको छ। क्रूसको फेदिमा हाम्रो जीवनमा पस्ने एउटा ढोका रहेको जस्तो अनुभूति हुन्छ। यो हामी प्रकाश ३:२० मा पढ्छौं।

येशू प्रभु हाम्रो हृदयको ढोका बाहिर उभिएर भित्र आउनको लागि ढकढक्याइ रहनुभएको छ। हामीले हाम्रो हृदयको ढोका खोल्यौं भने उहाँले भित्र आई हामीसँग भोज खाने प्रतिज्ञा गर्नुभएको छ।

यो केवल एउटा स्वागतको भोज मात्र नभएर उहाँसँगको व्यावाहारिक सम्झौता पनि हो। हाम्रो सबै पाप अनि अपराधलाई क्षमा गर्ने प्रतिज्ञा उहाँले दिनुहुन्छ ( येशू प्रभुले क्रूसमा दिनुभएको बलिदाननै यथेष्ट भएको कारण)। उहाँ स्वयंले हामी प्रत्येकको व्यक्तिगत जीवनहरू पुनर्निर्माण गर्ने जिम्मा लिनुहुन्छ।

व्यवसाय अब नयाँ व्यबश्थापनमुनि छ भनी सुचना टाँसेझै परमेश्वरले गर्नुहुन्छ।

यूहन्ना १:१२ मा येशू प्रभुले भन्नुभए अनुसार साइनबोर्डमा "गड एन्ड सन्स्" अथवा "परमेश्वर र छोराहरू" भनी लेखिएको छ।

जब पवित्र आत्माद्वारा येशू हाम्रो जीवनमा आउनुहुन्छ, उहाँले हामीलाई कठपुतलीझैं नियन्त्रणमा लिन चाहनुहुन्न तर परमेश्वरको व्यवसायमा एक ज्येष्ठ साझेदार भएर काम गर्न आउनुहुन्छ । त्यसले हामीलाई परमेश्वरसँग सानो साझेदार बनाउँदछ।

उहाँले हाम्रो दैनिक जीवनको व्यवस्थापनको जिम्मेवारी हामीमानै छोडीदिनुभएको छ तर हामीलाई हाम्रो दिन प्रति दिनको जीवन जीउन उहाँले शक्ति र सहायता दिनुहुन्छ।

मत्ती २८:२० अनुसार येशूले सदैव हाम्रो साथमा रहने प्रतिज्ञा दिनुभएको छ।

**प्रकाश ३:२०**


हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने म त्यसकहाँ भित्र पस्नेछु र त्यससंग भोजन खानेछु, र त्यसले मसंग खानेछ।

**यूहन्ना १:१२**

तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो।

**मत्ती २०:२८**

"हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।"



# छ

अब तपाईंहरू आफैले आफैलाई जाँच्नुहोस्।

यस पुस्तिकाको पहिलो खण्डमा हामीहरूले परमेश्वरको सुसमाचारको कथा देख्यौं।

तर धैरै मानिसहरूले उहाँहरू स्वयं आफै यस कथामा म कहाँ छु भनेर थाहा पाउन चाहन्छन्। तपाईं पनि यसो गर्न चाहनुहुन्छ भने यहाँ दिइएको सरल जाँचले तपाईंलाई सहायता गर्नेछ।

यस पछिका पानाहरूमा लेखिएका बुँदाहरूले तपाईंलाई विचार गर्न सहायता गर्नेछ।

स्वीकार

विश्वास

विचार

व्यवहारिक कदमहरू

पश्चाताप

ग्रहण

# स्वीकार

स्वीकार — कोठा १ र २

कोठा १

के तपाईं निम्न कुराहरू स्वीकार गर्नुहुन्छ ?

* परमेश्वर सबै थोकका मालिक हुनुहुन्छ।
* परमेश्वर मात्र सबै थोकका सृष्टिकर्ता हुनुहुन्छ।
* परमेश्वरले नर र नारीलाई संसारको रेखदेख गर्न सृष्टि गर्नुभयो।
* मानिस जातिलाई सृष्टि गर्नुहुँदा परमेश्वर र मानिस जाति वीच सम्बन्ध र कुराकानी राम्रो थियो।

कोठा २

के तपाईं निम्न कुराहरू स्वीकार गर्नुहुन्छ ?

* परमेश्वरलाई सबै नियमहरू बनाउने अधिकार छ।
* स्वार्थीपन र पाप विद्यमान छ।
* पापले परमेश्वरसँग मित्र बन्नबाट रोक्दछ।
* पाप गर्नु परमेश्वरको अधिकारको विरुद्ध खडा हुनु हो।
* मानिसहरू आफ्नो जीवन आफ्नै तरिकाले जीउन चाहन्छन्।
* परमेश्वरको विरुद्धमा गरेका सबै कामको लेखा दिनु पर्ने कुरा यथोचितनै छ।
* परमेश्वरले विद्रोहीहरूको न्याय गर्नुहुन्छ।

यी कुराहरू स्वीकार गर्नुहुन्छ भने कोठामा ठीक चिन्ह लगाउनुहोस्। ☐

## स्वीकार


## विश्वास


## विचार

## व्यवहारिक कदमहरू

## पश्चाताप

## ग्रहण



# विश्वास

विश्वास — कोठा ३ र ४

कोठा ३

के तपाईं विश्वास गर्नुहुन्छ किः

* परमेश्वरले सृष्टि गर्नुभएका सबै कुराहरूलाई उहाँले प्रेम गर्नुहुन्छ।
* मानिसको विद्रोह र त्यस्को परिणामबाट परमेश्वरले बचाउन चाहनुहुन्छ।
* येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ।
* येशू ख्रीष्ट पृथ्वीमा आउनुभयो।
* येशू ख्रीष्ट शारीरिक रूपमा क्रूसमा मर्नुभयो।
* येशू ख्रीष्ट सबैको पापको मोल तिर्नको लागि मर्नुभयो।

कोठा ४

के तपाईं विश्वास गर्नुहुन्छ किः

* येशू ख्रीष्ट मृत्युबाट बौरीउठ्नुभयो।
* परमेश्वरसँग साँचो मित्रता कायम गर्न सम्भव छ।
* हामी हाम्रो आफ्नो निम्ति होइन तर परमेश्वरको निम्ति जिएका उहाँले चाहनुहुन्छ।
* येशू ख्रीष्टको बलिदान हुँदाहुँदै पनि धेरै मानिसहरूले अहिले पनि आफ्नो जीवन आफ्नै तरिकाले जीउन चाहन्छन्।
* सबै मानिसहरूले पश्चताप गरी परमेश्वरको लागि जीवन जिएका उहाँले चाहनुहुन्छ।

यी कुराहरू स्वीकार गर्नुहुन्छ भने कोठामा ठीक चिन्ह लगाउनुहोस्। ☐

स्वीकार


विश्वास


विचार

व्यवहारिक कदमहरू

पश्चाताप

ग्रहण



# विचार

आफ्नो मुकुट उतार्ने विषयमा विचार गर्नुहोस्।

आफूले लगाएको मुकुट उतार्नु भनेकोः

* परमेश्वरलाई मालिक भनेर स्वीकार गर्नु हो।
* विगतका बिद्रोह स्वीकार गर्नु हो।
* परमेश्वरको अधिकारलाई स्वीकार गर्नु हो।
* परमेश्वरले भन्नुभए अनुसारको जीवन जीउनु हो।
* पाप गरी नरहने निश्चय गर्नु हो।

यी कुराहरू स्वीकार गर्नुहुन्छ भने कोठामा ठीक चिन्ह लगाउनुहोस्। ☐

स्वीकार

विश्वास

विचार

व्यवहारिक कदमहरू

पश्चाताप

ग्रहण

# व्यवहारिक कदमहरू

पश्चाताप

ग्रहण

कोठा ५

के तपाईंले

* येशूलाई तपाईंको हृदयको ढोकामा ढकढक्याइ रहनुभएको सुन्नुभयो ?
* येशू ख्रीष्टको निम्ति हृदयको ढोका खोल्नुभयो ?
* येशू ख्रीष्टलाई हृदयमा ग्रहण गर्नुभयो ?
* येशूलाई तपाईंको जीवनका सबै अधर्म र पापलाई सफा गर्न दिनुभयो ?
* नयाँ जीवन जीउनको लागि पवित्र आत्मासँग सहकार्य गर्न थाल्नुभयो ?

यद्यपि तपाईंले यस सूचिमा दिएका कुराहरू जाँच गरी तिनीहरू प्रति सहमति जनाउनु भएको छ भने तपाईंले येशूलाई आफ्नो प्रभु, मुक्तिदाता र व्यक्तिगत मित्र भनी थाहा गरिसक्नुभएको होला।

तर यद्यपि तपाईंले येशूलाई अझै स्वागत गर्नुभएको छैन भने कृपया अर्को पाना पल्टाउनुहोस्।

यी कुराहरू स्वीकार गर्नुहुन्छ भने कोठामा ठीक चिन्ह लगाउनुहोस्। ☐




स्वीकार

विश्वास

विचार

व्यवहारिक कदमहरू

पश्चाताप

ग्रहण

# एक निर्णय - तपाईंले लिनुपर्ने निर्णय

येशूलाई आफ्नो हृदयको ढोकामा ढकढक्याइ रहनुभएको थाहा गरी, आफ्नो मुकुट उतार्न राजी हुनुभई, र उहाँलाई आफ्नो जीवनमा बोलाउन राजी हुनुहुन्छ र चाहनुहुन्छ भने, उहाँलाई आफ्नो जीवनमा निम्त्याउने समय अहिले नै हो।

त्यसो गर्नको लागि यो प्रार्थनाको सहायता लिन सक्नुहुनेछ।

प्यारो परमप्रभु परमेश्वर
तपाईंलाई धन्यबाद होस कारण तपाई परमेश्वर हुनुहुन्छ र तपाईंको सृष्टि उत्तम र सही थियो।
मेरो पाप र अधर्मको लागि र तपाईंको अधिकारको विरुद्धको विद्रोहको लागि म क्षमाप्रार्थि छु।
म स्वीकार गर्दछु कि तपाईंले ममाथि न्याय गर्न सक्नुहुन्छ र त्यो गर्नु उचित पनि हुन्छ।
प्रभु येशूलाई मेरो सट्टामा दोषी ठहरिन र मेरो पाप र अधर्मको लागि मोल चुकाउन पठाउनुभएको लागि तपाईंलाई धन्यबाद।
आज येशू जीवित हुनुभएको लागि धन्यबाद।
तपाईंले मलाई पश्चताप गर्नको लागि बोलावट दिइरहनुभएको म सुन्दैछु।
येशू प्रभु, मलाई मेरा सबै पाप र अधर्मको लागि क्षमा दिनुहोस।
आज मेरो जीवनमा आउनुहोस र पवित्र आत्माको भरपूरिद्वारा तपाईंमा भएको नयाँ जीवन जीउनको लागि मलाई सिकाउनुहोस।
मेरो जीवनमा आउनुभएको लागि तपाईंलाई धेरै धन्यबाद।
आमिन।

यदि तपाईंले आफ्नो पाप स्वीकार्नु भई
येशू ख्रीष्टलाई आफ्नो जीवनमा निम्त्याउनुभएको छ भनेः
येशू तपाई भित्र आउनु भएको छ!
अनि यो येशूको प्रतिज्ञा हो।

एउटा अन्तिम कुरा — अब अरू विश्वासीहरूलाई तपाई पनि परमेश्वरको परिवारमा आउनुभएको कुरा बताउनुहोस।

info@crosscheck.org.uk

You can also watch the video at:
www.crosscheck.org.uk




# Word@Work

The unique, free, expository devotional App and email.

Equips you to live Biblically and explain God's truth to others.

Enjoyed by Christians all over the world.

Free to download or sign up.


wordatwork.org.uk


# BeaconLight

biblical truth to share

- LEARN TO UNDERSTAND THE BIBLE
- LEARN TO APPLY THE BIBLE
- LEARN TO LIVE THE BIBLE DAILY
- LEARN TO HELP OTHERS

beaconlight.co.uk



स्वीकार

विश्वास

विचार

व्यवहारिक कदमहरू

पश्चाताप
ग्रहण

nep-23v1

ISBN 978-1-90652-624-5

© 2023 Paul Adams

BeaconLight